# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रीय कार्यालय Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस विज्ञप्ति

१२ असार, २०७७

### शव व्यवस्थापनको क्रममा अवरोध नगर ।

कास्कीको पोखरा महानगरपालिका-३२ मा कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनको क्रममा सुरक्षाकर्मी, स्थानीय जनप्रतिनिधिहरु तथा बासिन्दाहरुबीच भएको झडपको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिको शव स्थानीयसँग समन्वय नै नगरी बस्तीको नजिक व्यवस्थापन गर्न लागेको भन्दै स्थानीयले अवरोध गरेको र स्थानीयको अवरोधका बीच पनि सुरक्षाकर्मीहरुबाट बल प्रयोग गरी शवको व्यवस्थापन गर्ने क्रममा स्थिति तनावपूर्ण भएको आयोगको अनुगमनबाट देखिएको छ ।

कुनै पनि व्यक्तिको मृत्युपश्चात् आफ्नो धर्म, संस्कृति तथा परम्पराअनुसार शवको अन्त्येष्ठि गरिनुपर्ने अधिकारको राष्ट्रिय कानूनका साथै नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानूनहरुले समेत प्रत्याभूति गरेको छ । नेपाल सरकारले कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिको सम्मानजनक रुपमा शव व्यवस्थापनको लागि कार्यविधि समेत निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

अतः कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिको सम्मानजनक रुपमा शव व्यवस्थापन कार्यविधिको प्रभावकारी कार्यान्वयनमा स्थानीय निकायसँग समन्वय गर्दै अगाडि बढ्ने वातावरणको सिर्जना गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, यस विशेष परिस्थितिमा नेपाल सरकारले लागू गरेका कार्यविधिहरुको प्रभावकारी पालनामा सहयोग र साथ दिन आयोग स्थानीय सबै सरोकारवालालाई आग्रह गर्दछ ।

..................

वेद भट्टराई

सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org